# दुधौली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# दुधौली सिन्धुली

२०७९/०८०

**दुधौलीनगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति**

२०७९

दुधौली नगरपालिकाको ८६औ कार्यपालीकाबाट मिती २०७९।०३।०३ मा स्वीकृत भएको

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

## १. पृष्ठभूमि

नेपालको संविधानले दिशा निर्देश गरेबमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको कुरा सर्वविदीत्तै छ ।

नेपालको संविधानको धारा १८ मा उल्लेखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिकत स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ । नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ ।

साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्नसकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात गरिएको छ । सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिकरुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका घ्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको, विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेको स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिदै लैससास प्रवर्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ ।यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समयदेखि नै प्राथमिकताका साथ आवधिक योजना,वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ ।

यसै सन्दर्भमा स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम् कानूनी उत्तरदायित्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रवर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न यो **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति"** तयार गरिएका छ। बिकास प्रकृयामा मुख्यतयाः ३ वटा सामान्य तर जटिल प्रश्नहरुको जवाप खोज्ने गरीन्छ ।पहिलो प्रश्न ऐले म कहाँ छु ?दोस्रो -अब म कहाँ र किन जान`? तेश्रो –त्यो कसरी संभव छ?पहिलो प्रश्न ले वर्तमान अवस्था विश्लेषण गराउँछ, दोश्रो प्रश्नले लक्ष र अपेक्षीत उपलब्धि को निर्धारण गर्दछ भने तेश्रो प्रश्नले नीति तथा रणनीति तयारी गराउँछ ।

यस दुधौली नगरपालिका क्षेत्रभित्र अन्य विकास साझेदारहरु वाट हुने कार्यक्रमहरुले आं आफ्नो ढंग बाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति तथा रणनीति बनाई कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने, कार्यान्वयन गर्न अप्ठेरो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने भएकोले यी निकायहरुवाट संचालन हुने कार्यक्रम आयोजनाका लागि समेत मार्गदर्शन हुने गरी यस दुधौली नगरपालिकाको **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** रणनीति तयार गरिएको छ ।यो रणनीतिका प्रमुख उपयोगकर्ताहरु नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साझेदारहरु तथा गैह्रसरकारी संघ संस्थाहरु हुनेछन् ।

## २.अवस्था विश्लेषण

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो । हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ४ वटा क्षेत्र निर्धारण गरिएको छ । जसमा यस नगर पालिकाको लैससासको दृष्टिकोषवाट बलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीति कानूनमा समावेशिता, संस्थागत व्यवस्थामा समावेशिता, मानव संसाधन तथा क्षमता विकासमा समावेशिता, सेवा प्रवाहमा समावेशिता र सुसासन तथा उत्तरदायित्वमा समावेशितामा आधारित रहेर विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार तल प्रस्तुत गरिएकोछ ।

### २.१. बलियो पक्ष (Strength)

**क नीति कानुन तथा योजना**

१. कानुन मस्यौदा गर्दा र पास गर्दा लैससास दृष्टिले विश्लेषण गरिएको छ ।
२. स्थानीय कानूनमा लैससास सम्वन्धी प्रावधान राखिएको छ ।
३. वार्षिक नीति तथा योजनामा लैससास सम्बन्धी बिषयहरु विषयहरु समावेश गरियको छ ।
४. कानूनमा महिला, किशोरी ,वालिका लगायत लक्षित वर्गमा हुने विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको छ ।
५. महिला, पूरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा आप्रवासी र रैथाने कामदार विच श्रमको ज्यालामा हुने विभेद रोक्ने प्रावधानहरु राखेर कानूनहरु वनाइको छ ।
६. आवधिक योजना लैससासको अबधारणाका आधारमा वनाइएको छ ।
७. योजना तर्जुमामा महिलाका आवश्यकतालाई व्यवहारिक र रणनैतिक गरी दुई खण्डमा राखेर छलफल हुने गरेको छ र महिलाका कार्यवोझ हल्का पार्ने र समय वचत बढाउने र जीविकोपार्जनमा सहयोग पुग्ने सीप विकास क्षमता विकास संग सम्वन्धित विषयमा छलफल हुने गरेको छ ।

८. उपभोक्ता समितिमा लक्षित समुहका प्रतिनिधि अनिवार्य गरिएको छ र महिला सहभागिता ३३ प्रतिशत सुनिश्चित गरिएको छ ।
९. दीगो विकास लक्षवारे पालिकामा छलफल हुने गरेको छ ।

**ख. संस्थागत व्यवस्था**

१. स्थानीय तहको पदाधिकारीहरुमा हरेक वडामा कम्तीमा २ जाना महिला सदस्य र एक जाना महिला वडा अध्यक्ष रहेका छन ।
२. स्थानीय तहले कर्मचारी पदपुर्ति गर्दा जात वर्ग लिङ्गका लागि आरक्षणको व्यवस्था छ।
३. उप प्रमुखको सरक्षकत्वमा महिला लागायत अन्य लक्षित वर्गका भाषा सहित संवेदनशील विषय वस्तु सुन्ने र बुझ्ने विषयमा समितिको व्यवस्था गरेको छ ।
४. लैङ्गिक विकास हेर्ने छुट्टै इकाइको व्यवस्था छ ।
५. लैससास कार्यान्वयन समिति गठन भएको छ ।
६. लैङ्गिक हिंसा निवारणका कार्यबिधि कार्यान्वयनमा ल्याइयको छ ।
७. वडा स्तरिय लैगिंक हिंसा निगरानी समुह गठन भएको छ ।

**ग मानव संशाधन तथा क्षमता विकास**

१. महिला ज्ञतथा वालवालिका शाखाले विभिन्न किसिमका तालिमहरु लिने र दिने गरेका छन् ।

**घ. सेवा प्रवाह**

१. भौतिक पुर्वाधारका ड्रइङ डिजाइनमा महिला बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुले निर्वाध रुपमा प्रयोग गर्न सकिने गरी महिला वालवालिका अपाङ्गता मैत्री संरचना निर्माणको प्रावधान राखेको छ हाल यो बिद्यालय र स्वास्थ्य चौकिमा मात्रै कार्यान्वयन भए पनि कमस सबैतिर यस्को कार्यान्वयन गर्ने सोच राखिएको छ ।
२. स्थानीय तहले महिला लगायत लक्षित समुदायलाई लक्ष्य गरी परंपरागत तथा आधुनिक उर्जा ( जलविद्युत लगायत विभिन्न बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो, आदि) को प्रयोग गर्न प्रोत्साहन गर्ने आयोजनाहरू र विभिन्न स्थानमा संचालन गरिएको छ ।
३. विद्यालय जाने उमेर समुहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाइएको छ ।
४. विद्यालयमा छात्र र छात्राका लागि छुट्टा छुट्टै शौचालय, पानीको व्यवस्था, किशोरी छात्राको लागि सेनेटरी प्याड, साबुन लगायत आवश्यक सामाग्रीको व्यवस्था छ ।
५. स्थानीय तहमा फोहोर व्यवस्थापनको लागि संकलन तथा विसर्जनका कार्यक्रमहरु भएका छन् ।
६. स्थानीय तहको आवधिक योजना, बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा बेरोजगारी र गरीबी नक्साङ्कन समेतको आधार लिई महिला तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू समावेश भएका छन् ।
७. स्थानीय तहले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गरेको छ ।
८. ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाध प्रविधि, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिकलाई प्रथामिकता र प्रोत्साहन दिइएको छ ।

**ङ. शुसासन र उत्तरदायित्व**

१. स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने ।
२. स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ?
३. स्थानीय तहले नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रम सार्वजनिक गर्ने गरेको छ ।

४. स्थानीय तहबाट संचालित कार्यक्रम तथा परियोजनाबाट सबै लक्षित वर्ग तथा समुदायले लाभ लिन सकेका छन् ।

५. स्थानीय तहले संघ र प्रदेश सरकारले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गरेको छ ।

६. लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच सञ्जाल निर्माण भई कार्यगत छलफल हुने गरेको छ ।

**२.२.कमजोर पक्ष**

१. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गर्ने क्रममा रहेको ।

२. महिलाहरुको छुट्टै खण्डिकृत डाटा (बिस्तुगत विवरण)तयार भइनसकेको ।

३. स्थानीय तहले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको पक्षवाट कमै मात्र हेर्ने गरेको ।

४. लैङ्गिक उत्तरदायी तथा समाजिक समावेसशी वजेट निर्माण एवम परीक्षणलाई वजेट व्यवस्थापनमा जोड्न बाँकी रहेको ।

५. दीगो विकासको लक्ष्यका लक्ष्य नं १, ५,१० र १६ लाइ तोकेर बजेट विनियोजन नगरिएको

६. कुनै नीति, नियम, कार्यविधि , दिग्दर्शन जारी गर्नुभन्दा अगाडि लैससासको दृष्टिले उपयुत्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण गर्ने नगरेको ।

७. तोकिएको निश्चित प्रतिशत वजेट लक्षित वर्गका लागि विनियोजन नगरेको ।

८. उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल गरेको अभिलेख नभएको।

९. योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टिकोणवाट विश्लेषण भएको अभिलेख नभएको ।

१०. महिला पुरुष विचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको ।

११. मानव संसाधन विकास शाखाको स्थापना नभएको ।

१२. पदाधिकारी तथा केही कर्मचारी लैससास सम्बन्धी जानकार भए पनि कार्यान्वयन पक्ष लैससास मैत्री नभएको।

१३. स्थानीय तहका सवै पदाधिकारीहरुलाई कानूनको निर्माण गर्दा मस्यौदा तर्जुमा सो वारेमा अभिमुखीकरण नभएको

१४. महिला हक र अधिकार सम्बन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरण नभएको तथा प्रतिवद्धता कार्यान्वयनका लागि बजेट विनियोजन नभएको ।

१५. लैङ्गिक हिंसा मुक्त स्थानीय तह घोषणा हुने बाँकी रहेको ।

१६. सार्वजानिक स्थल तथा कार्यालयहरुमा स्तनपान कक्षको व्यवस्था नभएको ।

१७. गर्भवती महिलालाई जोखिम तथा खतरायुक्त काममा नलगाउने नीति तयार नभएको ।

१८. भौतिक पूर्वाधारका ड्रइङ, डिजाइनहरु लैससासमैत्री भएपनि सो अनुसार निर्माण नभएको ।

१९. यौनिक तथा लैङ्गिक अल्प संख्यकका लागि बजेट विनियोजना तथा शौचालयहरुमा विशेष व्यवस्था नभएको ।

२०. लैससास सम्बन्धी सरोकारवाला निकाय विच समन्वय तथा सहकार्यका लागि संयन्त्र निर्माण नभएको साथै अनुशिक्षण नभएको ।

२१. योजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको ।

२२. सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना, समाचार तथा सन्देशमुलक विषय वस्तु आदि प्रकाशन नभएको ।

दुधौली नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
दुधौली, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३
प्रमुख प्रशासकीय अधिकृत

## २.३ अवसर

१. विभिन्न जातजाति, समुदाय बिच सामाजिक र सांस्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त सामाजिक वातावरण रहेको ।

२. योजना कार्यान्वयनमा उत्कृट शाखालाई पुरस्कृत गर्ने परिपाटी हुनु । (जसले कानून कार्यान्वनयका आधारमा उत्कृष्ट शाखा तथा वडाहरुलाई पुरस्कृत गरी निर्माण भएका कानूनहरुको व्यवहारिक पक्षको अध्ययन विश्लेषण गर्न सकिने)

३. स्थानीय सरकारलाई आवश्यक पर्ने कानून नीति नीयम बनाउने अधिकार छ ।

४. विभिन्न गैह्रसरकारी संघसंस्थाले स्थानिय सरकारलाई आफ्नो कार्यक्षेत्रको रुपमा प्रयोग गर्दछन ।

५. युवा कर्मचारीको वाहुल्यता रहेकोमा युवा जोस र जाँगरलाई पालिकाको सर्वाङ्गिण हितमा प्रयोग गर्न सकिन्छ।

६. पालिकामा महिला तथा लक्षित वर्गका विभिन्न समूहहरु क्रियाशिल छन । जसमा नियमित रुपमा नेतृत्व विकास तथा समूह संचालनका वारेमा गतिविधि हुने हुनाले महिला तथा लक्षित वर्गका कार्यक्रमहरु महिला तथा लक्षित वर्गवाटै संचालन गन सकिन्छ।

७. स्थानीय तहका सवै कार्यालयहरुमा महिला हिंसा तथा विभेद हुन नदिनका लागि लैङ्गिक हिंसा न्यूनीकरण आचार संहिता निर्माण गरी कार्यान्वयन गर्ने छ।

८. संघीय सरकार तथा प्रदेश सरकार संग प्रत्यक्ष पहुँच राख्ने जनप्रतिनिधिहरु छन ।(आवश्यकीय योजना र बजेट माग गर्नका लागि पहुँच पुग्छ)

९. जनप्रतिनिधिहरु तथा कर्मचारीहरु लैससास सहित अन्य विभिन्न विषयको श्रोत व्यक्ति बन्ने क्षमताका छन । (यसले गर्दा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न सकिने )

१०. वालमैत्री, लैङ्गिक मैत्री ,अपाङ्ग मैत्री जस्ता विकास मोडलका विषय विज्ञहरु स्थानीय तहमा छन् ।

११. अन्तर्राष्ट्रिय सन्धि संझौता तथा प्रतिवद्धताहरुलाई स्थानीयकरण गर्न लैससले प्राविधिक सहयोग पुर्याउन सक्छ ।

## २.४. चुनौतिहरु

१. छुवाछुत विभेद,पुत्रमोह जस्ता परम्परागत कु मान्यता विरुद्धका नीति नियम कार्यविधि कार्यान्वयन मा ढिलाइ र जटीलता हुन सक्छ ।

२. मागमाआधारित अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथमिकिकरण नीति वनाउन कठिन हुन सक्छ।

३. गरिबी पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरीवी मापनका सुचकहरु निर्माण गर्न कठिन हुन सक्छ ।

४. विशेष गरी महिलाद्वारा सम्पादित घरभित्रको विना पारिश्रमिकको कामको मूल्याङ्कन गर्न कठिनहुन सक्छ ।

५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन, नीयम, कानून र कार्यविधि कार्यान्वयन गर्न कठिन हुन सक्छ ।

६. समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु (जातिगत, छुवाछुत , बोक्सीको आरोप लगाउने घरेलु हिंसा)आदि को अन्त्यका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नवाधा व्यावधान आउन सक्छ।

७. संघीयता अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठिन हुन सक्छ ।

८. कृषिप्रति युवालाई आकर्षित गर्न र जीविकोपार्जनको प्रमुख आधारको रुपमा कृषिलाई स्थापित गर्न कठिन हुन सक्छ ।

९. सामाजिक सञ्जाल मार्फत हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न कठिन हुन सक्छ ।

१०. कानुनी ज्ञान,आवश्यक नीति नियम आदी को अभावले मेलमिलाप केन्द्रहरु प्रभाकारीरुमा कार्यान्वयन गन कठिनाइ हुन सक्छ ।

### २.५.सरोकारवाला पहिचान

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ, जसमा सिधा संपर्क हुने, दोश्रो माद्यमवाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा विभक्त गरिएकोछः

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु) | दोश्रो माद्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु | अप्रत्यक्ष संपर्क हुने हरु (तेश्रो नं का सरोकारवालाहरु ) |
|---|---|---|
| महिला बालबालिका तथा जेष्ठ नगारिक लै. स. स. साखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश |
| योजना शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सबै |
| शिक्षा शाखा | बैक तथा वित्तीय संस्थाहरु | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | वाल क्लवहरु | भूमि व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | आमा समूहहरु | संघीय मन्त्रालयहरु |
| युवा तथा खेलकुद शाखा | जेष्ठ नगारिक मिलन केन्द्रहरु | महिला आयोग |
| प्रशासन शाखा | विद्यालयहरु | दलित आयोग |
| सबै वडा कार्यालयहरु | गैह्रसरकारी संस्थाहरु | मुस्लिम आयोग |
| नगर कार्यपालिका | स्वयम सेवक समूहहरु | राष्ट्रिय योजना आयोग |
| नगर सभा | उद्योग वाणिज्य संघ | मानव अधिकार आयोग |
| न्यायिक समिति | राजनैतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| विषयगत समितिहरु | सवैसंचार माध्यामहरु | राष्ट्रिय स्तरका संचार माध्यामहरु |

नोटः स्थानीय तहमा रहेका अन्य सरोकारवालाको आधारमा थपघट गर्न सकिने छ ।

## २.६. लक्षित वर्ग पहिचानः–

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएको छ :–

१. महिला
२. एकल महिला
३. बालबालिका
४.जेष्ठ नगरिक
५.आदिवासी जनजाति
६. मुस्लिम
७.अल्पसंख्यक र लोपोन्मुख वर्गहरु
८.कमैया
९.किसान
१०.मजदुर
११. अपाङ्गता भएका व्यक्तिहरु
१२. द्वन्द्वपीडित
१३. विपन्न वर्ग
१४ सुकुम्वासी
१५ मधेसी
१६ पिछडिएको क्षेत्र र समुदाय
१७. सडक बालबालिका
१८ लैङ्गिक तथा यौनिक अल्पसंख्यक

माथि उल्लेखित विश्लेषणवाट दुधौली नगर पालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन् । वलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ । धेरै भन्दा धेरै सबल पक्षहरु पहिचान भएका छन् ती सवल पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ ।

## ३.दीर्घकालिन सोच (Vision)

लैङ्गिक तथा समाजिक समावेशीयुक्त पालिका निर्माण गर्ने ।

## ४. ध्येय (Mission)

सार्वजानिक जीवनमा जात, वर्ग, क्षेत्र ,लिग्ंका आधारमा हुने गरेको विभेदको अन्त्य गर्ने ।

## ५. लक्ष (Goal)

न्यायोचित तथा समतामूलक विकासको माध्यमवाट वहिस्करणमा परेको वर्गलाई मूल प्रवाहमा ल्याउने ।

## ६. उद्देश्य (Objectives)

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप स्थानीय तहले गर्ने सम्पूर्ण विकासका तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो । यस **रणनीतिका उदेश्यहरु** निम्नानुसार रहेका छन्–ः

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्वन गर्ने ।
२. श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।
३. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने ।
४. नीति ,कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गरी आवाज सशक्तीकरण गर्ने ।
५. संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तीकरण गर्ने ।

६. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउने ।
७. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने ।
८. शिक्षा, स्वास्थ्य ,खानेपानी तथा सरसफाइसंग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

## ७ लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy)

माथि उल्लेखित उद्देश्यहरु परिपुर्ति लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ :–

१. वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास,पूर्वाधार, कृषि वन तथा भूमिसूधार,गरिबी निवारण, स्थानीय विकाश तथा शान्ति एवम् सुशासनसंग सम्बन्धित सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।
२. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहूँच अभिवृद्धि गर्दै लैजाने ।
३. महिला तथा बालबालिकासंग सम्बन्धित सबै अर्न्तर्राट्रय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्ष्यलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पूरा गर्दै लैजाने ।
४. पालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता,जेष्ठनागरिक,दलित,लोपउन्मूख सिमान्तकृत आदिवासी जनजति सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।
५. लैससासवारे संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि, साथै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने ।
६. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।
७. वार्षिक बंजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरी महिला पुरुष समविकासलाई वढावा दिने ।
८. लक्षित वर्ग पहिचान हुने गरी खण्डीकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरी त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।
९. बालबालिका तथा अपाङ्ग एवम जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।
१०. मानव संसाधन विकास शाखा स्थापाना गरी महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतामा राखेर कार्यान्वयन गर्दै लैजाने ।
११. निर्माण भएका संघीय तथा स्थानीय कानून, कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने ।
१२. सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने ।
१३. शिक्षा स्वास्थ्य,खानेपानी तथा सरसफाइ जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससाससँग सम्बन्धित सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## ८. लैससास रणनीति (GESI Strategy)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लगि तपशीलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछः–:

### ८.१. मूल प्रवाहिकरण

क. महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरी नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहूचयुक्त अवसर , सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरी विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने।

ख. लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरी लैङ्गिक मूलप्रबाहीकरण गर्ने, साथै कानूनी प्रवन्ध, संस्थागत सुधार तथा क्षमता विकासको माध्यमवाट लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने।

### ८.२ समावेशीकरण

क. विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्बन्धित सवै कृयाकलापहरुमा अर्थपूर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

### ८.३ स्थानीयकरण

क. अर्न्तराष्ट्रिय सन्धि संम्झौता, प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासील गर्ने।

### ८.४ सशक्तीकरण

क. लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितीकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने बनाउने।

ग. स्वरोजगार,रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माद्यमवाट महिला तथा वञ्चितीकरणमा परेका वर्गको आर्थिक सशक्तीकरण गर्ने।

घ. कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माद्यमवाट विपन्न तथा बञ्चितीकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने।

### ८.५ सचेतीकरण

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शनका प्रावधान कार्य प्रणाली र समावेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरी कार्यान्वयन तथा परीणाममा एकरुपता ल्याउने।

ख. समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue)को रुपमा छलफल गर्दै लैजाने।

### ८.६ संस्थागत संरचना

क. संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितीकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने।

### ८.७ समन्वय

क. विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अंनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैंससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

**८.८ सहकार्य**

क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि पालिकाभित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैक ,वित्तीय संस्था ,सहकारी ,उद्योग, वाणिज्य संघ ,घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) विच सहकार्य गर्ने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु संग लैससास मैत्री साझा प्रतिफल हासिल गर्न सहकार्य गर्ने ।

**८.९ सहजीकरण**

क. वहिस्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमादेखि अनुगमन मूलल्याङ्कन सम्म हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजीकरण गर्ने संयन्त्र विकास गरी परिचालान गर्ने ।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी, गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजीकरण गर्ने ।

**८.१० सामाजिक सुरक्षा**

क. जो आफै आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नगारिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक,अपाङ्गता भएका व्यक्तिहरु तथा एकल महिलाहरु यस अन्तरगत पर्दछन् भने ती वर्गको संरक्षण का लागी स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

ख. सामजिक सुरक्षा अन्तरगत अल्पसंख्यक, सिमान्तकृत, लोपोन्मुख जातजातिहरु, दलित, मुस्लिम लगायत पर्दछन् र ती वर्गको सुरक्षा स्वाथ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

**८.११. अनुगमन मूल्याङ्कन र नियमन**

क. प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने ,पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सूचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री बनाउदै लैजाने ।

दुधौली नगरपालिकाको कार्यालय दुधौली, सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

९.रणनैतिक कृयाकलापहरु::

| क स | एद्देश्य | नीति | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरु | पुस्ट्याईका आधारहरु |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्ने। | वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास पूर्वधार, कृषि वन तथा भूमिसुधार, गरिबी निवारण, स्थानीय विकाश तथा शान्ति एवम सुशासन संग सम्बन्धित सवै क्षेत्रको वजेटलाईलैङ्गिक उत्तरदायी वनाउने | लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरी लैङ्गिक मूलप्रबाहीकरण गर्ने । | १. लैससास मैत्री योजना तर्जुमा तथा कार्यान्वयनका लागि निश्चित प्रतिशत पुजिगत बजेट विनियोजन गर्ने ।<br>२. योजना संकलन तथा प्राथमिकीकरण प्रकृयामा नै लक्षित बर्गको सहभागिता अनिवार्य गर्ने ।<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जूमा प्रकृयालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।<br>४. लैङ्गिक उत्तरदायी योजना तर्जुमा प्रकृया बाट आवधिक योजना तर्जूमा गर्ने ।<br>५. लैङ्गिक उत्तरदायी योजना तर्जुमाका लागि सूचकहरु तयार गरी त्यसैको आधारमा योजना तर्जुमा, मापन र परीक्षण गर्ने ।<br>६. लैङ्गिक उत्तरदायी वजेट तर्जूमा तथा कार्यान्वयनका लागि सरोकारवाला पक्षलाई क्षमता अभिवृद्धि गर्ने ।<br>७. लैङ्गिक उत्तरदायी बजेट तर्जूमा तथा मूल्याङ्कन गर्न आवश्यक सूचना तथा तथ्याङ्कलाई व्यवस्थित गर्ने प्रणालीको विकास गर्ने ।<br>८. सेवा प्रदायक अन्य निकायहरुलाई | १. वार्षिक वजेटमा कम्तीमा ३५ प्रतिशत पुजीगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ ।<br>२. लैससास मैत्री आवधिक योजना तयार भएको हुनेछ।<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जूमा तथा मापन सम्बन्धी सूचकहरु निर्माण भएका हुनेछन् ।<br>४. योजना तर्जुमा प्रकृयामा लक्षित वर्गको पूर्ण सहभागिता भएको हुनेछ ।<br>५.लैङ्गिक उत्तरदायी बजेट हेर्ने सूचना प्रणालीको विकास भएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. आवधिक योजना<br>३. योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>४. कार्यपालिकाका वैठकका निर्णयहरु<br>५. सभाका बैठकका निर्णयहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रकृयाका वारेमा अभिमुखीकरण गर्ने । | | |
| २ | श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने । | हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने , | विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक, सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धित सवै कृयाकलाप हरुमा अर्थपूर्ण सहभागिता गराइ वार्षिक रुपमा मूल्याङ्कन गर्दै लैजाने । | १. लक्षित वर्गको खण्डीकृत विवरण संकलन तथा हरेक वर्ष अद्यावधिक गर्दै लैजाने<br>२. कानून तथा कार्यविधिमा महिला तथा बञ्चितीकरणमा परेका समूदायको लागि उल्लेख भएका प्रवधानहरुका वारेमा सरोकारवाला पक्षलाई सुसुचित गर्ने ।<br>३. जीविकोपार्जन संग जोडिएका आर्थिक गतिविधि हरुमा लक्षित वर्गका लागि निर्दिष्ट बजेट विनियोजन गर्ने ।<br>४. संघसंस्थामा प्रतिनिधित्व, शाखा प्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई पहिलो प्राथमिकतामा राखेर गर्ने<br>५. राजनैतिक नेतृत्व तथा जम्मेवारी वाडफाँडमा महिला एवम लक्षित वर्गलाई निश्चित प्रतिशत सहभागिता प्रदान गर्ने<br>६. महिला तथा लक्षित वर्गको कार्यबोझ कम गर्ने सरल तथा समय वचत हुने खालका ( व्यवहारिक आवश्यकता पुरा हुन) कार्यक्रममा बजेट विनियोजन गर्ने । | १. लक्षित वर्गको वस्तुगत खण्डीकृत विवरण वार्षिक रुपमा अध्यावधिक भएको हुनेछ ।<br>२. कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवाग्राहीहरुलाई अभिमुखीकरण भएको हुनेछ ।<br>३. लक्षित वर्गको जीविकोपार्जन हुने गरी निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ ।<br>४. उपभोक्ता समिति, कार्यदल हरुमा कम्तिमा ४० प्रतिशत लक्षित वर्गको सहभागिता भएको हुनेछ<br>५. लक्षित वर्गको व्यवहारिक आवश्यकता परिपूर्ती गर्न घरेलु उद्योग बैकल्पिक उर्जा जस्ता कार्यक्रम संचालन गर्ने ।<br>६. लक्षित वर्गको लागि लोकसेवा पुर्वतयारी कक्षा, शिक्षा सेवा आयोग सम्बन्धी कक्षाहरु संचालन गर्ने । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. कानून कार्यविधि वारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति ।<br>३. उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधि<br>४. कार्यपालिका तथा सभाका निर्णयहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ७. महिला तथा लक्षित वर्गको स्थिति परिवर्तन गर्ने खालका (शिक्षा रोजगारी संग सम्बन्धित) रणनैतिक कार्यक्रम बजेटमा समावेश गर्ने । | | |
| ३ | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने । | महिला तथा बालबालिका संग सम्बन्धित सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने । | अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी लागू गर्ने । | १. दीगो विकास लक्ष का १७ वटा लक्षहरुका स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरु लाई क्षमता विकास गरी परिचालान गर्ने<br>२. बेइजिङ सम्मेलन गरेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई अभिमुखीकरण गरी कार्यान्वयनका लागि योजना तर्जुमा गर्ने<br>३. संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० तथा संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ वारेमा कर्मचारी तथा जनप्रतिनिधिलाई अभिमुखीकरण गरी कार्यान्वयनमा ल्याउने<br>४. उल्लेखित सवै अभिमुखीकरण पश्चात स्थानीयकरण गरी लागु गर्ने<br>५. स्थानीयकरण पश्चात वार्षिक कार्यक्रममा बजेट विनियोजन तथा कार्यान्वयन गर्ने ।<br>६. आवश्यक कानून तथा कार्यविधि | दीगो विकास लक्ष, महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद्को दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी सम्बन्धी अभिमुखीकरण भएको हुनेछ ।<br>अन्तराष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भएको हुनेछ ।<br>स्थानीयकरण भएका सन्धि संझौता कार्यान्वयन गर्न बजेट विनियोजन भएको हुनेछ । | १. अन्तराष्ट्रिय सन्धि संझौता अभिमुखीकरण को उपस्थिति तथा माइन्युट ।<br>२. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>३. कार्यान्वयन लागि वनेका कार्यविधिहरु<br>४. कार्यपालिका तथा सभाका निर्णयहरु । |

प्रमुख प्रशासकीय अधिकृत
दुधौली नगरपालिकाको कार्यालय
दुधौली, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | तयार गर्ने । | | |
| ४ | नीति तथा कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गर्ने । | पालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधि महिला,बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठ नागरिक, दलित,लोपोन्मूख सिमान्तकृत आदिवासी जनजाति सहित समग्र लक्षित वर्ग मैत्री वनाउँदै लैजाने । | संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने । | १. लैससास सम्बन्धी संघीय तथा प्रादेशिक कानूनले व्यवस्था गरे अनूरुपका संस्थागत संरचनाहरु निर्माण गर्ने ।<br>२. कानून कार्यविधिहरु निर्माण गर्दा लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गर्ने ।<br>३. महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु विच हुने विभेद अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने<br>४. योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यवहारिक र रणनीतिक आवश्यकता परिपूर्ति गर्ने गरी गर्ने ।<br>५. विगतमा बनेका कानून कार्यविधिहरु लैङ्गिक समानता तथा सामाजिक समावेशी करणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने ।<br>६. कानून कार्यविधिमा तथा विकास प्रकृयामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक हरुका विषयहरुलाई समावेश गर्ने ।<br>७. सवै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानुपातिक सहभागिताका लागि कानुनी व्यवस्था गर्ने । | १. कानून कार्यविधिले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन् ।<br>२. , नयाँ वन्ने सवै कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरिएको हुनेछ ।<br>३. महिला पुरुष तथा रैथाने र आप्रवासी कामदाहरु विच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुनेछ ।<br>४. विगतमा वनेका कार्यविधिहरु आवश्यता अनुसार संसोधन भएका हुनेछन् ।<br>५. कानून कार्यविधि तथा विकास कृयाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु समावेश भएका हुनेछन् ।<br>६. समानुपातिक नेतृत्व का लागि कानूनी व्यवस्था भएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका<br>२. कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका<br>३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि वनेका शौचालयहरु तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन । |

प्रमुख प्रशासकीय अधिकृत
नगरपालिकाको कार्यालय
दुधौली, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

दुधौली नगरपालिका नगरकार्यपालिकाको कार्यालय
दुधौली, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम् तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीता लाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तीकरण गर्ने | १. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठ नागारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।<br>२. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरी महिला पुरुष समविकासलाई वढावा दिने ।<br>३. लक्षित वर्ग पहिचान हुने गरि खण्डीकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरी | महिला, गरीब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहूचयुक्त अवसर सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत् सवाल र समस्याको सम्बोधन गरी विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।<br>विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन | १. संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमुखको रुपमा महिलालाई प्राथमिकता दिने ।<br>२. लक्षित वर्गको लागि महिला जनजाति तथा जेष्ठ नागरिक जनप्रतिनिधि समावेस गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने ।<br>३. महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने<br>४. कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार , जातीय भेदभाव तथा महिला हिंसाका नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने<br>५. आदिवासी जनजाति दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्तीकरणका लागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि वनाउने<br>६. महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने<br>७. लैससास सम्बन्धी सूचना एवम सचेतनामूल सामाग्रीहरु तयारी तथा प्रकाशन प्रशारण गर्ने ।<br>८. उपभोक्ता समिति गठन तथा | १. शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ।<br>२. लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ ।<br>३. महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ<br>४. यौन दुर्व्यवहार जातीय भेवभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>५. महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ<br>६. लैससास सम्बन्धी सचेतना मुलक व्रसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ । | कार्यपालिकाका निर्णय पुस्तिका विशेष सेवा प्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि महिला पुरुष समविकास कार्यनीति महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन रेडियो टेलिभिजन कार्यक्रमका अडियो भिडियो समाग्रीहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्बन गर्ने । | उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउँदै लैजाने । | परिचानल गर्दा महिला तथा यौनिक एवम लैङ्गिक अल्प संख्यकहरुको सहभागितालाई अनिवार्य गर्ने । | | |
| ६ | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जन मा आत्मनिर्भर वनाउदै लैजाने । | १.मानव संसाधन विकास शाखा स्थापाना गरी महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।<br>२. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरु वारे मा कर्मचारीहरु लाई अद्यावधिक गर्दै लैजाने । | लक्षित वर्गको क्षमता अभिवृद्धि संगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा समावेस गरेर आत्म निर्भर वनाउने । | १. लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने<br>२. लैससास बजेट खर्च कार्यविधि तयार गर्ने<br>३. पालिकाले आयोजना गर्ने प्रत्येक तालीममा लैङ्गिक समानता सामाजिक समावेशी करण विषयलाई अकाट्य सवालको रुपमा राख्ने नीति वनाउने ।<br>४. मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने ।<br>५. लैङ्गिक हिंसा निवारण कार्य विधि वनाउने ।<br>६. कार्यस्थल तथा सार्वजानिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौन जन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानुनी व्यवस्थाको प्रचार प्रसा गर्ने । | १. वार्षिक वजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२. मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३. लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ ।<br>४. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने यौन दुर्व्यहारमा कमी आएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि<br>३. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहार विरुद्धका निर्णयहरु |
| ७ | अनौपचारिक मूल्य मान्यता कु संस्कार विरुद्ध जनचेतना वृद्धि गरी | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने । | समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा | १. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता लिइ यसमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई पुरस्कार तथा दण्डको व्यवस्था गर्ने ।<br>२. हिंशा प्रभावित बेचविखनमा | १. सामाजिक कुरीति हरुका विरुद्ध श्रव्य दृष्य सामाग्री निर्माण भएको हुनेछ<br>२. हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरुका लागि | १. वार्षिक बजेट तथा नीति कार्यक्रम<br>२. श्रव्य दृष्य सामाग्रीहरु<br>३. सामाजिक |

प्रमुख प्रशासकीय अधिकृत
दुधौली नगरपालिका नगरकार्यपालिकाको कार्यालय दुधौली, सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

दुधौली नगरपालिकाको कार्यालय दुधौली, सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने। | | अकाट्य सवाल ( Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने । | परेका महिला तथा यौनिक र लैङ्गिक अल्पसंख्यकहरुका लागि सेवा केन्द्र स्थापना गर्ने<br>३. सचेतनामुलक कार्यक्रमलाई रेडियो टिभि पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने<br>४. लैङ्गिक हिंसा निवारण आचारसंहिता निर्माण गरी त्यसको पालना गर्ने ।<br>५. अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने ।<br>६. सवै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने<br>७. सामाजिक कुरीति विरुद्ध भिडियोहरु वनाउने सडक नाटक प्रस्तुत गर्ने । | सेवाकेन्द्र स्थापना भएको हुनेछ ।<br>३. अन्तरजातीय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन ।<br>४. वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएको हुनेछन । | संजालमा गरिएका पोष्टहरु<br>४. अन्तरजातीय विवाह गर्ने जोडी सम्मान कार्यक्रमको अभिलेख<br>५. प्रत्यक्ष अवलोकन(सेवा केन्द्र) |
| ८ | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ संग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सँग सम्बन्धित सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने | प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोणवाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई | १. आफ्नै घरवाट निरक्षक महिलाहरुलाई साक्षर वनाउने कार्यक्रम संचालन गर्ने ।<br>२. शिक्षण अभ्यास संगै निश्चित निराक्षरलाई साक्षार वनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>३. यौनिक अल्पसंख्यकहरुका लागि विद्यालयमा शौचालय वैकल्पिक व्यवस्थापन गर्ने र अव वन्ने शौचालयमा सवैलाई पुग्ने गरी निर्माण गर्ने<br>४. स्वरोजगार वन्न चहाने र वैदेशिक रोजगारीमा जान | १. संभावना रहेका सवै निरक्षरहरु साक्षार भएका हुनेछन्<br>२. यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा वैकल्पि शौचालयको व्यवस्था भएको हुनेछ ।<br>३. वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने यूवाहरुका लागि सीप विकास तालिम संचालन भएको हुनेछ । | १. वार्षिक प्रगती प्रतिवेदन,<br>२. तालीम सम्पन्न प्रतिवेदन,<br>३. कार्यपालिका निर्णयहरु,<br>४. सभाका निर्णयहरु<br>५. अनुमगन मुल्याङ्न फारम हरु |

प्रमुख प्रशासकीय अधिकृत
दुधौली नगरपालिकाको कार्यालय
दुधौली सिन्धुली
बागमती प्रदेश नेपाल
२०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने । | | लैससास मैत्री वनाउदै लैजाने । | खोज्नेको सुचना संकलन गरी आवश्यक तालीम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन गर्ने<br>५. आवश्यक वजेट विनियोजन गरी विपन्न परिवार स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने<br>६. अव उप्रान्त वन्ने सवै सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहित ड्रइङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने<br>७. जोखिमयूक्त काम गरेर जीवन निर्वाह गर्नु पर्ने गर्भवती महिलाहरुको लागि राहत प्याकेज ल्याउने<br>८. हरेक ६ महिनामा सार्वजानिक सुनुवाइ वार्षिक रुपमा सामाजिक परीक्षण र नियमित रुपमा सार्वजनिक परीक्षण गर्ने ।<br>९. हरेक अनुगमनमा लैससास दृष्टिकोणबाट गर्ने गरी फारमहरु तयार गरी कार्यान्वयन गर्ने । | | |